# संघीय संसद
# प्रतिनिधि सभा, २०७९
## तेस्रो अधिवेशन
## बैठक संख्या - २

## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०८० साल माघ २४ गते बुधबार**

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा भएको शुन्य समयमा देहाय बमोजिमका माननीय सदस्यहरुले आफ्नो भनाइ राख्नु भयोः-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अम्मर बहादुर रायमाझी
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री अब्दुल खान
७. मा० श्री अमनलाल मोदी
८. मा० श्री अशोक कुमार चौधरी
९. मा० श्री अस्मा कुमारी चौधरी
१०. मा० श्री असिम शाह
११. मा० श्री ईश्वर बहादुर रिजाल
१२. मा० श्री इश्वरी घर्ती
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री ऋषिकेश पोखरेल
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री गणेश पराजुली
१८. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
१९. मा० श्री गीता बस्नेत
२०. मा० श्री गोमा लाभ (सापकोटा)
२१. मा० श्री गंगा प्रसाद यादव
२२. मा० श्री चित्र बहादुर के.सी.
२३. मा० श्री ज्वाला कुमारी साह
२४. मा० श्री जावेदा खातुन जागा
२५. मा० डा० चन्द्रकान्त भण्डारी

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले नेपालको संविधानको धारा १०६ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सम्माननीय सभामुख र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षको संयुक्त सिफारिशमा मिति २०८० माघ २३ गतेदेखि लागू हुने गरी संघीय संसदको महासचिव पदमा श्री पद्म प्रसाद पाण्डेयलाई नियुक्ति गर्नुभएको व्यहोराको पत्र प्राप्त हुन आएको जानकारी गराउनु भयो । साथै, आफ्नो व्यक्तिगत तर्फबाट र सम्पूर्ण सभाको तर्फबाट हार्दिक बधाई दिंदै उहाँको कार्यकालको पूर्ण सफलताको शुभ कामना व्यक्त गर्नुभयो ।

तत्पश्चात् अधिवेशन प्रारम्भको अवसरमा दलीय प्रतिनिधित्वको आधारमा देहाय बमोजिमका माननीय सदस्यले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री पदम गिरी
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अब्दुल खांन
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री लालबिर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्र बहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले प्रस्तुत गर्नु भएको "कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि प्रारम्भ भएको कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले जावफ दिनु भयोः-

१. मा० श्री डोल प्रसाद अर्याल
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री प्रदिप यादव
५. मा० डा० स्वर्णिम वाग्ले
६. मा० श्री सूर्य प्रसाद ढकाल
७. मा० श्री रामहरि खतिवडा
८. मा० श्री गणेश पराजुली
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री देवेन्द्र पौडेल
११. मा० श्री अम्मर बहादुर थापा
१२. मा० श्री ज्ञान बहादुर शाही
१३. मा० श्री अशोक कुमार चौधरी
१४. मा० श्री विराज भक्त श्रेष्ठ

| | | | |
|---|---|---|---|
| १५. | मा० श्री मनिष झा | १७. | मा० श्री लक्ष्मी तिवारी |
| १६. | मा० श्री शिव नेपाली | १८. | मा० श्री निशा डाँगी |

तत्पश्चात सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २० सम्म "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले उक्त विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात् माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० लाई पारित गरियोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ पेश गर्नुहुँदा बहुमतले पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद- ९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम यही २०८० फागुन ६ गतेको बैठकमा हुने गरी निर्धारण गरेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त कार्यक्रमको लागि यस अघि नै समूह विभाजन भैसकेको र समूह ३ मा रहेका माननीय सदस्यहरुले यस महिना प्रश्न सोध्नका लागि नियमावलीको नियम ५८ बमोजिम मिति २०८० फागुन २ गते बुधबार दिनको ३:०० बजेभित्र संघीय संसदको महासचिव समक्ष आफ्नो प्रश्न लिखित रुपमा दिनसक्नुहुने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधान सभा सदस्य केशव कुमार बुढाथोकीको निधन भएकोमा देहाय बमोजिमको शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो:-

शोक प्रस्ताव

"नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०६४ साल र २०७० सालको संविधान सभा निर्वाचनमा झापा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट संविधान सभा सदस्यमा निर्वाचित सदस्य, पूर्व सामान्य प्रशासन मन्त्री तथा लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका सरल एवं मिलनसार व्यक्तित्व केशव कुमार बुढाथोकीको ८० वर्षको उमेरमा मिति २०८० साल माघ २२ गते सोमबार राती उपचारको क्रममा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत केशव कुमार बुढाथोकीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०८० साल फागनु ६ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ३:५० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव